Journal of Janta Multiple Campus- JJMC, *5* (1), 2026, ISSN: 3021-9515 (Print)
https://doi.org/10.3126/jjmc.v5i1.97995

# माध्यमिक तहको नेपाली भाषा शिक्षणमा प्रविधियुक्त मूल्याङ्कन

मदनराज बराल[1*]

[1] *अध्यापक, जनता बहुमुखी क्याम्पस इटहरी-५, सुनसरी*

* *Email: baralmadanraj55@gmail.com*

## Article Info

**Article History:**

*Submitted 03 April 2026*

*Reviewed 11 June 2026*

*Revised 26 June 2026*

*Accepted 21 July 2026*

**Corresponding Author:**

*Madan Raj Baral*

*Email:*

*baralmadanraj55@gmail.com*

**ORCID:**

**Article DOI:**

https://doi.org/10.3126/jjmc.v5i1.97995

**Copyright Information:**

*Copyright 2026© Authors of this journal; with authors' permission, the copyright is transferred to the publisher for the first edition only.*

**Publisher:**

*Research Management Cell (RMC)*

*Janta Multiple Campus*

*Itahari, Sunsari*

*Tel.: 025-81300*

*Email: rmcjantacollege@gmail.com*

**लेखसार**

प्रस्तुत अध्ययन माध्यमिक तहको नेपाली भाषा शिक्षणमा प्रविधिको सान्दर्भिकता र यसले भाषिक मूल्याङ्कनमा पारेको प्रभावको विश्लेषणमा केन्द्रित छ। गुणात्मक अनुसन्धान पद्धतिअन्तर्गत इटहरी क्षेत्रका चार जना अनुभवी नेपाली शिक्षकहरूसँग गरिएको अन्तर्वार्तालाई यस अध्ययनको प्राथमिक स्रोतका रूपमा लिइएको छ। अध्ययनका निष्कर्षहरूले नेपाली कक्षाकोठामा भाषिक मूल्याङ्कनका लागि प्रविधिको प्रयोग क्रमशः बढ्दै गएको र यसले परम्परागत मूल्याङ्कन प्रणालीलाई अन्तरक्रियात्मक, सन्दर्भसापेक्ष र विद्यार्थीकेन्द्रित बनाएको देखाएका छन्। सहभागी शिक्षकहरूले गुगल फर्म्स, म्यासेन्जर र टिम्स जस्ता विद्युतीय/डिजिटल उपकरणहरूको प्रयोगबाट मूल्याङ्कन प्रक्रियालाई सहज, सक्रिय र प्रेरणादायी बनाएको अनुभव गरेका छन्। यद्यपि, पर्याप्त भौतिक पूर्वाधारको अभाव, प्राविधिक तालिमको कमी र विद्युतीय/डिजिटल पहुँचमा रहेको असमानतालाई मुख्य चुनौतीका रूपमा पहिचान गरिएको छ। अध्ययनले प्रविधिमा आधारित मूल्याङ्कनलाई संस्थागत रूपमा सुदृढ गर्न शिक्षकको क्षमता विकास, स्पष्ट नीतिगत व्यवस्था र पूर्वाधार विस्तारमा जोड दिनुपर्ने सुझाव दिएको छ। समग्रमा, प्रविधिको एकीकृत प्रयोगले भाषिक मूल्याङ्कनको स्वरूपलाई आधुनिक र वैज्ञानिक ढङ्गले पुनर्संरचना गर्ने प्रचुर सम्भावना देखिएको छ।

*शब्दकुन्जी:* गुणात्मक अनुसन्धान, विद्युतीय/डिजिटल उपकरण, नेपाली भाषा शिक्षण, भाषिक मूल्याङ्कन, माध्यमिक तह

## विषयपरिचय

शिक्षाशास्त्रका क्षेत्रमा भाषिक मूल्याङ्कनलाई केवल विद्यार्थीको प्राप्ताङ्क मापन गर्ने यन्त्रका रूपमा मात्र हेर्नु एकाङ्गी दृष्टिकोण हुन सक्छ। वास्तवमा, यो त विद्यार्थीको संज्ञानात्मक सामर्थ्य, भाषिक सिप र अभिव्यक्तिगत प्रखरताको ऐना हो। भाषा शिक्षणको एउटा अविभाज्य अङ्गका रूपमा रहेको मूल्याङ्कनले विद्यार्थीले कति ज्ञान आर्जन गरे भन्ने मात्र देखाउँदैन; शिक्षकलाई आफ्नो शिक्षण पद्धति कति प्रभावकारी रह्यो र त्यसमा केकस्ता सुधारका खाडलहरू छन् भन्ने आत्मसमीक्षा गर्ने अवसर पनि प्रदान गर्दछ। परम्परागत रूपमा भाषिक मूल्याङ्कनलाई एकतर्फी र स्मृतिमा आधारित प्रक्रियाका रूपमा सीमित राखिएको थियो, जहाँ विद्यार्थीको सिर्जनात्मकता भन्दा पनि कण्ठस्थ गर्ने क्षमताको परीक्षणलाई प्राथमिकता दिइन्थ्यो तर समयको गति र शैक्षिक चिन्तनमा आएको परिवर्तनसँगै मूल्याङ्कनको परिभाषा र कार्यक्षेत्र दुवै बदलिएका छन्। अहिले यसलाई 'सिकाइका लागि मूल्याङ्कन' का रूपमा लिइन्छ, जसले शिक्षण रणनीतिलाई निरन्तर परिमार्जन गर्न र राष्ट्रिय शैक्षिक नीतिहरूलाई ठोस दिशा निर्देश गर्न मद्दत गर्छ तर नेपालका सन्दर्भमा माध्यमिक तहको नेपाली भाषाको शिक्षण र मूल्याङ्कनमा प्रविधिको प्रयोग र यसका व्यावहारिक पक्ष, सबलता र सुधारात्मक पक्ष जस्ता कुराहरूलाई समेटेर प्रशस्त मात्रामा अनुसन्धानहरू भएका भेटिँदैनन्। जेजति भएका छन् ती पनि शिक्षण सामग्री र विधिमा बढ्ता केन्द्रित छन्। यस वास्तविकतालाई हेर्दा माध्यमिक तहको नेपाली भाषा शिक्षणमा प्रविधियुक्त मूल्याङ्कनमा अनुसन्धानरिक्तता रहेको कुरा प्रस्ट हुन्छ।

हालसम्म भाषिक मूल्याङ्कनको क्षेत्रमा प्रविधिका सैद्धान्तिक र विश्वव्यापी प्रयोगबारे पर्याप्त चर्चा र अनुसन्धानहरू भएका छन् नेपाल जस्तो बहुभाषिक र सीमित स्रोत-साधन भएको देशमा माध्यमिक तहको नेपाली कक्षाकोठाको धरातलीय यथार्थ र व्यावहारिक आवश्यकता केकस्तो छ भन्ने कुरा अझै ओझेलमै परेको देखिन्छ। प्रविधिको सही प्रयोग हुन नसक्दा भाषिक मूल्याङ्कन परम्परागत र झन्झटिलो बन्दै गएको छ भने ग्रामीण क्षेत्रका विद्यार्थीहरू विद्युतीय/डिजिटल साधनको पहुँचबाट टाढा रहेका छन्। यसरी प्रविधिको सान्दर्भिकता र यसले निम्त्याएका चुनौतीहरूका बिचको खाडललाई स्पष्ट रूपमा पहिचान गर्न नसक्नु नै यस अध्ययनको मुख्य समस्या हो।

माथि उल्लिखित समस्याहरूलाई मध्यनजर गर्दै प्रस्तुत अध्ययनको मुख्य लक्ष्य भाषिक मूल्याङ्कनमा प्रविधिको सान्दर्भिकतालाई गहन रूपमा विश्लेषण गर्नु र यसको वर्तमान कार्यान्वयनको अवस्था पहिल्याउनु रहेको छ। यसका साथै, प्रविधिको सही प्रयोगले भाषिक मूल्याङ्कनको गुणस्तर, पारदर्शिता र सङ्क्षिप्तता बढाउन सक्छ भन्ने परिकल्पनालाई विभिन्न कोणबाट परीक्षण गर्नु यस अध्ययनको मूल उद्देश्य हो।

यस अध्ययनको औचित्य केवल प्राज्ञिक ज्ञानको दायरा फराकिलो बनाउनुमा मात्र सीमित छैन। यो नेपालका शिक्षा नीतिनिर्माता, पाठ्यक्रम विकासकर्ता र कक्षाकोठामा प्रत्यक्ष संलग्न शिक्षकहरूका लागि एउटा भरपर्दो मार्गचित्र बन्न सक्छ। यसले भाषिक मूल्याङ्कनको गुणस्तर सुधारमा टेवा पुऱ्याउनुका साथै शिक्षकहरूका लागि जटिल मूल्याङ्कन प्रक्रियालाई सरल र छरितो बनाउन मद्दत गर्दछ। यसका साथै विद्यार्थीहरूलाई कक्षाकोठाभन्दा बाहिर पनि थप अभ्यासका अवसरहरू प्रदान गरी सिकाइलाई प्रभावकारी बनाउन यो अध्ययन सान्दर्भिक देखिन्छ।

## विधि र सामग्री

### अनुसन्धानको ढाँचा र प्रकृति

प्रस्तुत अध्ययनमा इटहरी उपमहानगरपालिकाभित्रका शिक्षकहरूले नेपाली भाषिक मूल्याङ्कनमा प्रविधिलाई केकसरी प्रयोगउपयोग गरेका छन् भन्ने विषयलाई गुणात्मक ढाँचामा प्रस्तुत प्रस्तुत गरिएको छ। यो अध्ययन सामाजिक-सांस्कृतिक परिवेशमा आधारित छ त्यसैले यसले शिक्षकका भोगाइ र कक्षाकोठाको वास्तविकतालाई प्रस्तुत गरेको छ।

### अध्ययनको क्षेत्र र सहभागी छनोट

कोसी प्रदेशअन्तर्गत सुनसरी जिल्लाको इटहरी उपमहानगरपालिकामा केन्द्रित प्रस्तुत अध्ययनमा शैक्षिक केन्द्रका रूपमा विकास भइरहेको इटहरीका सामुदायिक र संस्थागत विद्यालयहरूमा प्रविधि प्रयोगको अवस्था फरक हुन सक्ने सम्भावनालाई मध्यनजर गरी दुवै खालका विद्यालयलाई  समावेश गरिएको छ। सोद्देश्य नमुना छनोट प्रक्रिया अपनाई गरिएको प्रस्तुत अध्ययनमा इटहरीका दुई सामुदायिक र दुई संस्थागत गरी जम्मा चार ओटा माध्यमिक विद्यालय छनोट गरिएको छ। सामुदायिक विद्यालयबाट जनता माध्यमिक विद्यालय (मावि) र ज्योति माविलाई छनोट गरिएको छ। संस्थागत विद्यालयअन्तर्गत कोसी सेन्ट जेम्स मावि र नर्थ पोइन्ट मावि गरी दुई विद्यालय छनोट गरिएको छ। यसै गरी यी चारओटै विद्यालयका नेपाली भाषा शिक्षकहरूलाई सहभागीका रूपमा छानिएको छ। सहभागी शिक्षक छान्दा उक्त विषय कम्तीमा दुई वर्ष अविच्छिन्न पढाएका र आफ्ना कक्षाकोठामा नियमित वा आंशिक रूपमा विद्युतीय माध्यमका प्रविधि वा साधनको प्रयोग गरिरहेका शिक्षकहरूलाई प्राथमिकता दिइएको छ। यसरी छनोट गरिएका शिक्षकहरूले कक्षा नौ र १० को नेपाली भाषा शिक्षण र मूल्याङ्कनको प्रतिनिधित्व गर्ने हुनाले प्राप्त तथ्याङ्कले माध्यमिक तहको नेपाली विषय शिक्षणको मूल्याङ्कनमा स्पष्ट दिशानिर्देश गर्ने अपेक्षा गरिएको छ।

### तथ्याङ्कका स्रोत र सङ्कलनका साधन

अध्ययनलाई बहुआयामिक बनाउन प्राथमिक र द्वितीयक दुवै स्रोतको सन्तुलन मिलाइएको छ। प्राथमिक स्रोत नै यस अध्ययनको मेरुदण्ड हो। जसका लागि शिक्षकहरूसँग प्रत्यक्ष र अनलाइन दुवै माध्यमबाट संवाद गरिएको छ। यस अध्ययनमा चार जना शिक्षकहरूसँग उनीहरूको प्रविधि प्रयोगको अनुभव, सामना गरेका चुनौती र यसले विद्यार्थीको सिकाइमा पारेको प्रभावबारे कुराकानी तथा अर्धसंरचित अन्तर्वार्ता लिइएको छ। त्यसै गरी, द्वितीयक स्रोतका रूपमा नेपाल सरकारका पछिल्ला शैक्षिक नीतिहरू, राष्ट्रिय पाठ्यक्रम प्रारूप-२०७६, विद्यालय शिक्षाको आकस्मिक कार्ययोजना-२०७७ र विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जर्नलहरूमा प्रकाशित शोध-लेखहरूको अध्ययन गरी सैद्धान्तिक पुष्टि गरिएको छ।

### तथ्याङ्क सङ्कलन र व्यवस्थापन

प्रस्तुत अध्ययनका लागि प्राथमिक स्रोतका रूपमा छनोटमा परेका शिक्षकहरूलाई लिइएको छ। यसै गरी यस अध्ययनमा नेपाली भाषा शिक्षण र त्यसको मूल्याङ्कनका क्रममा सम्बन्धित शिक्षकहरूले देखेभोगेका अवसर, चुनौती र समग्र प्रभावका बारेमा प्रत्यक्ष कुराकानीबाट मात्र नभएर अनलाइनका साधन (टेलिफोन, ह्वाट्सएप, मेसेन्जर आदि) मार्फत समेत कुराकानी तथा संवाद गरी तथ्यतथ्याङ्क सङ्कलन गरिएको छ। अन्तर्वार्ताका क्रममा शिक्षकहरूबाट प्राप्त विचार र प्रतिक्रियाहरूलाई उनीहरूसँग स्वीकृति लिएर श्रव्य, दृश्य, श्रव्यदृश्य, लेख्य रूपमा सङ्कलन गरी पछि तिनलाई

लिप्यन्तरण गरिएको थियो। सङ्कलित र आफूले सुधारेर तयार पारिएका सामग्रीहरूलाई सुरक्षित र व्यवस्थित गर्न गुगलका ड्राइभ, डक्स, किपनोट्स जस्ता विद्युतीय/डिजिटल उपकरणको उपयोग गरिएको छ।

**तथ्याङ्क विश्लेषण प्रक्रिया**

यस अध्ययनमा प्राप्त गुणात्मक तथ्याङ्कलाई वर्णनात्मक विश्लेषण विधिबाट सूक्ष्म अध्ययन गरिएको छ। ब्राउन र क्लार्क (सन् २००६: ७९) को विषयगत विश्लेषण (थिमेटिक एनालिसिस) को सिद्धान्तअनुसार "तथ्याङ्कभित्र रहेका साझा ढाँचाहरू पहिचान गरी तिनलाई थिम वा विषयमा वर्गीकरण गर्दा अनुसन्धानको निष्कर्ष स्पष्ट हुन्छ।" ब्राउन र क्लार्कको यही छ चरणको मोडललाई पछयाउँदै अन्तर्वार्ताबाट प्राप्त प्रतिक्रियाहरूलाई पहिला लिप्यन्तरण (अक्षरमा उतार्ने काम) गरियो। त्यसपछि महत्त्वपूर्ण शब्द वा वाक्यांशहरूलाई सङ्केतन (कोडिङ) गरियो र अन्त्यमा प्राप्त कोडहरूलाई 'अवसर', 'चुनौती', 'प्रभावकारिता' र 'सुझाव' जस्ता चार ओटा मुख्य विषयक्षेत्र (थिम) मा वर्गीकरण गरियो। यसरी गरिएको विषयगत वर्गीकरणले अनुसन्धानका उद्देश्यहरूलाई वैज्ञानिक ढङ्गले सम्बोधन गर्न र भाषिक मूल्याङ्कनमा प्रविधिको सान्दर्भिकतालाई वस्तुगत रूपमा पुष्टि गर्न सहयोग पुऱ्याएको छ। विश्लेषण प्रक्रियालाई सकेसम्म त्रुटिरहित बनाउने उद्देश्यले प्रचलित र नेपालमा प्राप्य प्रविधिहरूको पनि आवश्यक उपयोग गरिएको छ।

यस ऐतिहासिक र प्रविधिजन्य रूपान्तरणलाई पुष्टि गर्दै चापेल्ली र वोस (सन् २०१६:१२) ले प्रविधिको भूमिकालाई यसरी प्रस्ट पारेका छन् : "बिसौँ शताब्दीको मध्यतिर प्रविधिको प्रवेशले भाषिक मूल्याङ्कनका क्षेत्रमा नयाँ सम्भावनाहरू खोलेको छ। कम्प्युटरमा आधारित परीक्षाहरू (CBT), अनलाइन मूल्याङ्कन प्रणाली र स्वचालित मूल्याङ्कन उपकरणहरूले यो प्रक्रियालाई थप लचिलो, द्रुत र विश्वसनीय बनाएका छन्।"

चापेल्ली र वोसको यो भनाइलाई गहिरिएर विश्लेषण गर्दा के देखिन्छ भने प्रविधिले मूल्याङ्कनलाई 'बन्द कोठा' र 'सीमित समय' को घेराबाट निकालेर 'विश्वव्यापी' र 'लचिलो' अवस्थामा पुऱ्याएको छ। कम्प्युटर र इन्टरनेटको प्रयोगले मानवीय पूर्वाग्रह र त्रुटिलाई कम गर्दै निष्पक्ष र विश्वसनीय परिणाम ल्याएको छ। कृत्रिम बौद्धिकता (एआइ) र यान्त्रिक सिकाइको आविष्कारले त झन् भाषिक उत्तरहरूको सूक्ष्म र शैलीगत विश्लेषणलाई एकदम द्रुत बनाएको छ। यसका कारण बर्सौँ लगाएर गरिने काम केही मिनेटमै सम्भव हुन थालेको छ। प्रस्तुत अध्ययनमा सामग्री विश्लेषण गर्न गुणात्मक र वर्णनात्मक विधिको उपयोग गरिएको छ। यसमा उपलब्ध सम्बन्धित पूर्वकार्य र वर्तमानमा प्राप्त तथ्यहरूलाई विषयगत रूपमा वर्गीकरण गरी प्रविधिको प्रयोगले भाषा शिक्षण र मूल्याङ्कनमा केकस्तो प्रभाव पारेको छ भन्ने कुराको विश्लेषण गरिएको छ। यसमा नेपालमा पठनपाठन हुने विशेष गरी नेपाली भाषा विषयको शिक्षण र मूल्याङ्कन प्रक्रियामा प्रविधिको उपयोग केकसरी भइरहेको छ भन्ने कुरालाई केन्द्रमा राखेर गरिएको यस अध्ययनमा विशेषतः प्रविधिको भूमिका, यसले सिर्जना गरेका अवसरहरू र विकासोन्मुख देशहरूका सन्दर्भमा देखा परेका चुनौतीहरू केकस्ता छन् भन्ने कुरालाई विभिन्न कोणबाट विश्लेषण गरिएको छ। यसै गरी सङ्कलित पुस्तक, दस्ताबेज, पूर्वअध्ययन आदिलाई विषयक्षेत्रगत/थिमेटिक रूपमा केलाइएको छ। यसका अवसर र चुनौतीलाई भिन्न भिन्न अनुच्छेदमा प्रस्तुत गरिएको छ।

**सैद्धान्तिक आधार**

प्रस्तुत अध्ययनलाई एउटा ठोस र वैज्ञानिक जग दिनका लागि संज्ञानात्मक र रचनावादी दृष्टिकोणलाई मुख्य आधार मानिएको छ। यसअन्तर्गत सिकाइलाई बाह्य व्यवहार मात्र नमानी आन्तरिक मानसिक प्रक्रियाका रूपमा व्याख्या

गर्ने संज्ञानात्मक सिद्धान्त र ज्ञानलाई शिक्षकले दिने उपहार नमानी विद्यार्थीले सक्रिय रूपमा आफैँ निर्माण गर्ने प्रक्रिया मान्ने संरचनावादी वा रचनावादी सिद्धान्तलाई समेटिएको छ। यी दुवै सिद्धान्तको सान्दर्भिक संयोजनले प्रविधिमा आधारित भाषिक मूल्याङ्कनको प्रक्रियालाई बुझ्न मद्दत पुऱ्याउँछ।

यस सन्दर्भमा संज्ञानात्मक विकास र संरचनावादको भूमिकाबारे चर्चा गर्दा जीन पियाजेको संज्ञानात्मक सिद्धान्त र लेभ भिगोत्स्कीको सामाजिक संरचनावादी सिद्धान्त निकै सान्दर्भिक देखिन्छन्। पियाजेका अनुसार विद्यार्थीहरूले आफ्नो ज्ञानलाई सक्रिय रूपमा निर्माण गर्छन् र प्रविधिले उनीहरूलाई यो प्रक्रियामा सहयोग गर्न सक्छ। यसैगरी, भिगोत्स्कीले भाषा सिकाइ र मूल्याङ्कन मानसिक प्रक्रियाहरूमा निर्भर हुने र प्रविधिले यी प्रक्रियाहरूलाई सहज र प्रभावकारी बनाउन सक्ने तर्क राखेका छन्। यसको परिपूरकका रूपमा आर. इ. बेनेट (सन् २००२) ले प्रविधिलाई मूल्याङ्कनको केवल एउटा साधन मात्र नमानी यसलाई सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा स्वीकार गर्नुपर्ने धारणा अघि सारेका छन्।

पियाजे, भिगोत्स्की र बेनेटका यी प्राज्ञिक दृष्टिकोणहरूलाई समायोजन गरेर हेर्दा प्रविधि केवल एउटा निर्जीव यन्त्र वा सफ्टवेयर मात्र नभई विद्यार्थीको सोच्ने, विश्लेषण गर्ने र सिक्ने प्रक्रियालाई सहयोग पुऱ्याउने एउटा 'स्काफोल्डिङ' औजार भएको पुष्टि हुन्छ। प्रविधिले प्रदान गर्ने तत्काल पृष्ठपोषणले विद्यार्थीको संज्ञानात्मक विकासमा ऊर्जा थप्छ भने विभिन्न विद्युतीय/डिजिटल प्लेटफर्महरूले उनीहरूलाई आफ्नै ज्ञान रचना गर्ने एउटा खुला र स्वतन्त्र मैदान प्रदान गर्दछन्। प्रस्तुत अनुसन्धानको मूल समस्याको विश्लेषण गर्दा यी सिद्धान्तका यिनै पक्षहरूमा केन्द्रित भई प्रविधिले नेपाली कक्षाकोठामा सिर्जना गर्ने भाषिक खाडल र अवसरहरूका बिच सन्तुलन खोज्ने प्रयास गरिएको छ। यसरी यी सिद्धान्तहरूले प्रस्तुत अनुसन्धानलाई एउटा सबल वैचारिक धरातल प्रदान गरेका छन्।

## परिणाम तथा विश्लेषण

प्रस्तुत अध्ययनको यस खण्डमा माध्यमिक तहमा नेपाली भाषा अध्यापन गराइरहेका शिक्षकहरूबाट प्राप्त अन्तर्वार्ताका तथ्यहरूलाई विषयगत रूपमा वर्गीकरण गरी विश्लेषण गरिएको छ। अध्ययनमा सहभागी चारै जना शिक्षकहरूको अनुभव र विद्यालयको पृष्ठभूमि फरक फरक रहेकाले यसले नेपाली भाषाको विद्युतीय/डिजिटल मूल्याङ्कनको एउटा तुलनात्मक चित्र प्रस्तुत गर्दछ। अध्ययनमा सहभागी सामुदायिक विद्यालयका दुई शिक्षकलाई 'शिक्षक एक' र 'शिक्षक दुई' तथा संस्थागत विद्यालयका दुई शिक्षकलाई 'शिक्षक तीन' र 'शिक्षक चार' का रूपमा साङ्केतिक नामकरण गरिएको छ।

शिक्षकहरूको अनुभव र कक्षागत संलग्नता कुनै पनि विषयको मूल्याङ्कन पद्धति शिक्षकको अनुभव र उनले सम्हालेको कक्षाको प्रकृतिमा निर्भर गर्दछ। सहभागी शिक्षकहरूमध्ये शिक्षक एकको १५ वर्ष, शिक्षक दुईको १४ वर्ष, शिक्षक तीनको ११ वर्ष र शिक्षक चारको ६ वर्षको शिक्षण अनुभव रहेको छ। यसले के देखाउँछ भने अध्ययनमा लामो अनुभव भएका अनुभवी शिक्षकदेखि नयाँ पुस्ताका जोस भएका शिक्षकहरू सम्मको प्रतिनिधित्व रहेको छ।

कक्षागत संलग्नताका बारेमा सोधिएको प्रश्नमा शिक्षक एकले आफू अहिले कक्षा आठ र नौ मा नेपाली विषय पढाउने र पहिलेका वर्षहरूमा कक्षा १० मा पनि पढाएको अनुभव रहेको बताएका छन्। यस्तै, शिक्षक दुईका अनुसार उनी अहिले मुख्य रूपमा कक्षा १० मा नेपाली पढाउँछन् र कहिलेकाहीँ कक्षा नौ मा पनि सहायक शिक्षकका रूपमा संलग्न हुने

गर्छन् । संस्थागत विद्यालयका शिक्षक तीनले परीक्षाको गम्भीर्यलाई जोड्दै आफू कक्षा आठ र १० दुवैमा नेपाली पढाउने र संस्थागत विद्यालय भएकाले कक्षा १० को तयारीमा विशेष ध्यान दिनुपर्ने विचार राखेका छन् । त्यसैगरी शिक्षक चारले आफू अहिले मुख्य रूपमा कक्षा आठमा नेपाली विषय पढाउने र कहिलेकाहीँ नौको अतिरिक्त कक्षामा पनि संलग्न हुने अवसर मिल्ने कुरा उल्लेख गरेका छन् ।

यी भनाइहरूलाई विश्लेषण गर्दा माध्यमिक तहका शिक्षकहरूमा आधारभूत तह (कक्षा आठ) को जग बसाल्ने र माध्यमिक शिक्षा परीक्षा (एसईई) को अन्तिम तयारी गराउने दोहोरो जिम्मेवारी देखिन्छ । विशेष गरी कक्षा १० मा हुने मूल्याङ्कन बढी परीक्षाकेन्द्रित देखिएको छ भने तल्ला कक्षाहरूमा सिकाइ प्रक्रिया र सुधारका लागि मूल्याङ्कन गर्ने अभ्यास बढी रहेको पाइन्छ । लामो अनुभव भएका शिक्षकहरूले परम्परागत र आधुनिक दुवै पद्धतिको संयोजन गर्न खोजेको देखिन्छ जसले गर्दा पद्धतिहरूका बिच सन्तुलन कायम गर्न मद्दत पुगेको छ ।

**भाषिक मूल्याङ्कनमा प्रविधि र विद्युतीय/डिजिटल उपकरणको प्रयोगको अवस्था**

वर्तमान समयमा नेपाली भाषाको मूल्याङ्कन केवल कागज र कलममा मात्र सीमित छैन किनभने शिक्षकहरूले आफ्नो पहुँच र विद्यालयको सुविधाअनुसार विभिन्न विद्युतीय/डिजिटल उपकरणहरू प्रयोग गरिरहेका छन् । सामुदायिक विद्यालयमा कार्यरत शिक्षक एकले सीमित स्रोतका बिच पनि प्रयास जारी राख्दै भने, “हाम्रो विद्यालयमा प्रविधिको प्रयोग सीमित भए पनि म कहिलेकाहीँ मोबाइल फोनमार्फत गुगल फर्म प्रयोग गरेर मूल्याङ्कन गर्छु । साथै, परीक्षा तयारीका लागि टिम्स भिडियो देखाउने र अडियो क्लिपहरू पनि सुनाउँछु ।”

शिक्षक दुईले आफ्नो अनुभव सुनाउँदै भने, “म भाषिक मूल्याङ्कनका लागि गुगल फर्म, अडियो विश्लेषणका लागि मोबाइल एप्स, जस्तै भोइस रेकर्डर र कहिलेकाहीँ पावरपोइन्ट प्रयोग गर्छु । हाम्रो विद्यालयमा कम्प्युटर ल्याब छैन तर प्रोजेक्टरको सहयोग लिएर मूल्याङ्कनमा विविधता ल्याउने प्रयास गर्छु।” अर्कातर्फ, सुविधासम्पन्न संस्थागत विद्यालयका शिक्षक तीनले व्यापक रूपमा प्रविधि प्रयोग गरेको जानकारी दिँदै भने, “हामी संस्थागत विद्यालयका शिक्षक भएकाले कम्प्युटर र इन्टरनेट सजिलै उपलब्ध छ । म गुगल क्लासरुम, क्विजी , एमएस फर्महरूको प्रयोग गरेर भाषिक मूल्याङ्कन गर्छु । विद्यार्थीहरूलाई अनलाइन लेखन कार्य, अडियो उत्तर तथा भिडियो प्रिजेन्टेसनमार्फत पनि मूल्याङ्कन गर्छु ।” शिक्षक चारले थपे, “म भाषिक मूल्याङ्कनमा धेरै प्रविधि प्रयोग गर्ने गर्छु, जस्तै- गुगल डक्समार्फत लेखन कार्य, गुगल फर्ममार्फत प्रश्नोत्तर र स्लाइड्स् प्रयोग गरेर पुनरावृत्ति मूल्याङ्कन । यी र यस्ता प्रविधिले विद्यार्थीहरूको संलग्नता बढाउने देखेको छु।”

यस तथ्याङ्कले के पुष्टि गर्छ भने विद्यालयको भौतिक पूर्वाधारले प्रविधि प्रयोगको स्तर निर्धारण गर्दछ । जहाँ कम्प्युटर ल्याब र इन्टरनेटको सहजता छ, त्यहाँ मूल्याङ्कन बहुआयामिक (लेखन, श्रवण र बोलाइ) बनेको छ । जहाँ पूर्वाधार अभाव छ, त्यहाँ शिक्षकहरूले आफ्नै व्यक्तिगत मोबाइल वा प्रोजेक्टरका भरमा मूल्याङ्कनलाई प्रविधिअनुकूल बनाउने व्यक्तिगत पहल गरिरहेका छन् । गुगल फर्म र अडियो रेकर्डर जस्ता उपकरणहरू नेपाली भाषाको वस्तुगत र मौखिक मूल्याङ्कनका लागि सबैभन्दा लोकप्रिय देखिएका छन् ।

यथार्थमा नेपालका विद्यालयहरूमा शिक्षकहरू प्रविधिको प्रयोगतर्फ आकर्षित हुनुको मुख्य कारक कोभिड-१९ को महामारी नै देखिन्छ । अधिकांश सहभागी शिक्षकहरूले विगत पाँचदेखि छ वर्षको अवधिमा मात्र प्रविधिलाई

मूल्याङ्कन र शिक्षणको साधनका रूपमा अङ्गीकार गर्न थालेको अनुभव साटेका छन् । महामारीका समयमा बन्दाबन्दी भएपछि पहिलोपटक बाध्य भएर अनलाइन कक्षाहरू सञ्चालन गर्ने क्रममा नै उनीहरूले विभिन्न प्राविधिक उपकरणहरूको प्रयोग गर्न सिकेका हुन् । प्रारम्भिक दिनहरूमा यो केवल सङ्कट टार्ने एउटा बाध्यात्मक विकल्प मात्र बनेको भए तापनि, समयक्रमसँगै शिक्षकहरूले यसलाई शिक्षण र मूल्याङ्कनको एउटा अनिवार्य अङ्गका रूपमा आत्मसात् गरेको पाइन्छ ।

प्रविधि सिक्ने र यसमा अभ्यस्त हुने सन्दर्भमा सरकारी वा संस्थागत रूपमा उपलब्ध गराइने तालिमहरूका तुलनामा शिक्षकहरूको व्यक्तिगत तत्परता र स्वाध्ययन बढी प्रभावकारी देखिएको छ । प्रारम्भिक दिनमा कुनै औपचारिक तालिम नपाए पनि महामारीका समयमा युट्युब ट्युटोरियलहरू हेरेर तथा सहकर्मी शिक्षकहरूसँग सरसल्लाह र सहकार्य गर्दै शिक्षकहरूले प्रविधिको जग बसालेका हुन् । इन्टरनेटका माध्यमबाट आफैँ खोजी गर्ने, विभिन्न शैक्षिक एपहरू चलाउने र 'प्रयत्न र भूल' को विधि अपनाएर उनीहरूले प्रविधि प्रयोगको सिपलाई निखार्दै लगेका छन् । केही समयपछि शिक्षा विकास तथा समन्वय एकाइ जस्ता निकायहरूबाट आयोजना गरिएका तालिमहरूमा सहभागी भए पनि उनीहरूको क्षमता विकासको मुख्य आधार व्यक्तिगत अभ्यास नै रहेको देखिन्छ ।

सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका शिक्षकहरूले प्रविधि प्रयोगका लागि विद्यालय प्रशासनबाट तुलनात्मक रूपमा बढी सहयोग र प्रोत्साहन पाएको देखिन्छ । संस्थागत विद्यालयहरूमा नियमित रूपमा सूचना तथा सञ्चार प्रविधि (आइसिटी) सम्बन्धी तालिमहरू आयोजना गरिने हुनाले शिक्षकहरूलाई प्रविधि अपनाउन सहज वातावरण बनेको छ । विद्यालयको आन्तरिक तालिम र कार्यशालाहरूबाट प्रविधिको प्रारम्भिक ज्ञान हासिल गरेपछि धेरैजसो शिक्षकहरू अहिले कुशल प्रशिक्षकका रूपमा समेत रूपान्तरित भइसकेका छन् । उनीहरूले अहिले आएर युट्युब ट्युटोरियल, इन्टरनेट सामग्री र सहकर्मीहरूसँगको निरन्तर सिकाइका माध्यमबाट आफूलाई अद्यावधिक गर्दै अन्य शिक्षकहरूलाई समेत प्रविधिको प्रयोग सिकाउने महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन् । यसले नेपाली शिक्षकहरूमा प्रविधिप्रतिको उच्च अभिरुचि र व्यावसायिक विकासको बलियो सम्भावनालाई प्रस्ट पार्छ ।

भाषिक मूल्याङ्कनका चारै ओटा सिप अर्थात् सुनाइ, बोलाइ, पढाइ र लेखाइमा प्रविधिको प्रयोग बढेको देखिन्छ । यस क्रममा शिक्षकहरूले कक्षागत अभ्यासमा सुनाइ विधालाई जोड दिनुका साथै प्रश्नपत्र निर्माणमा गुगल डक्स र कक्षा प्रस्तुतिमा पावरपोइन्टको प्रयोग गरिरहेका छन् । विस्तृत रूपमा हेर्दा, वस्तुगत प्रश्नोत्तर र शब्दभण्डारको मूल्याङ्कनका लागि क्विजी र गुगल फर्म जस्ता माध्यमहरू उपयोगी बनेका छन् भने बोलाइ परीक्षणका लागि अडियो रेस्पोन्सका साधनहरू प्रयोग भइरहेका छन् । यसै गरी लेखाइ जाँचलाई छरितो बनाउन गुगल डक्सको नियमित प्रयोग गरिएको पाइन्छ । यसबाट नेपाली भाषा शिक्षकहरू केवल सामान्य पाठ्यपुस्तकमा मात्र सीमित नरही अन्तरक्रियात्मक साधनहरूको खोजीमा लागेको स्पष्ट हुन्छ, जसले अडियो-भिडियो माध्यमद्वारा विद्यार्थीहरूको सुनाइ र बोलाइ सिपलाई अझ परिष्कृत र वस्तुगत बनाउन मद्दत पुऱ्याएको छ ।

परम्परागत र प्रविधियुक्त मूल्याङ्कन पद्धतिका बिच स्पष्ट भिन्नता देख्न सकिन्छ। पुरानो पद्धति मुख्यतः स्मृति र लिखित परीक्षामा केन्द्रित हुँदा समय र श्रम बढी लाग्ने, उत्तरपुस्तिका जाँच ढिलो हुने र मूल्याङ्कन झन्झटिलो हुने गरेको अनुभव शिक्षकहरूले साटेका छन् । अर्कातर्फ, आधुनिक प्रविधिको प्रयोगले विद्यार्थीको व्यावहारिक क्षमता र

सिर्जनशीलतालाई सहजै मापन गर्न सकेको छ । प्रविधियुक्त साधनहरूले परम्परागत परीक्षाको डर र तनावलाई कम गर्दै विद्यार्थीलाई रमाइलो तरिकाले मूल्याङ्कन प्रक्रियामा सहभागी गराएका छन् । तत्काल पृष्ठपोषण प्राप्त हुने भएकाले यसले विद्यार्थीको सिकाइ प्रतिको आकर्षणलाई झन् बढाएको छ । यी अनुभवहरूले परम्परागत शैलीले विद्यार्थीको ज्ञानको दायरा मात्र जाँच्ने तर प्रविधिमा आधारित मूल्याङ्कनले उनीहरूको वास्तविक कार्यसम्पादन क्षमतालाई समेत प्रस्फुटन गराउन सक्ने कुरालाई पुष्टि गर्दछ ।

मूल्याङ्कन प्रक्रियालाई छरितो र मितव्ययी बनाउन प्रविधिको प्रयोग एउटा आधारस्तम्भ भएको देखिन्छ । अनलाइन माध्यमबाट अभ्यासपत्र तयार पार्ने, परीक्षा सञ्चालन गर्ने र नतिजा प्रशोधन गर्ने कार्यले शिक्षकहरूको प्रशासनिक कार्यबोझ र श्रमलाई निकै घटाएको छ । यसरी बचत भएको समयलाई शिक्षकहरूले विद्यार्थीको सिकाइ प्रक्रियामा केन्द्रित गर्न पाएका छन् । विशेष गरी गुगल फर्म र अन्य स्वचालित प्रणालीको प्रयोगले बहुवैकल्पिक तथा रचनात्मक अभ्यासहरू गराउन सजिलो पारेको छ । यस प्रक्रियाले विद्यार्थीहरूको पढाइ र लेखाइ सिपको विकासमा प्रत्यक्ष टेवा पुऱ्याएको छ भने उनीहरूको भाषिक शुद्धता र बुझाइको स्तरलाई पनि माथि उठाएको देखिन्छ ।

**प्रविधि प्रयोगका अवसर र चुनौतीहरूको विश्लेषण**

प्रस्तुत अध्ययनको यस खण्डमा माध्यमिक तहमा नेपाली भाषाको शिक्षण तथा मूल्याङ्कनमा प्रविधिको प्रयोग गर्दा पाइएका अवसर र चुनौती दुवैलाई अन्तर्वार्तामा प्राप्त तथ्यका आधारमा विश्लेषण गरिएको छ । यस अध्ययनमा संलग्न शिक्षकहरूका अनुसार प्रविधिको प्रयोगले उक्त मूल्याङ्कन प्रक्रिया विद्यार्थीकेन्द्रित, वैज्ञानिक र पारदर्शी भएको छ । त्यति मात्र नभएर यस प्रक्रियाले भाषिक मूल्याङ्कनका क्षेत्रमा थप अवसरसमेत सिर्जना गरेको छ । यस प्रकारको मूल्याङ्कनका कारण विद्यार्थीलाई गृहकार्य दिन, त्यसको परीक्षण गरी राम्रो भए निरन्तरता दिन र सुधारात्मक भए सुधारका लागि तत्काल आवश्यक कदम चाल्ने कुरामा यो सहयोगी भएको छ । यति हुँदाहुँदै पनि नेपालको भाषिक तथा भौगोलिक विविधता आर्थिक असमानताका कारण सबै विद्यार्थीको पहुँचमा सञ्चार प्रविधि र त्यससँग सम्बन्धित पूर्वाधार आदिका कारण यसको प्रयोगमा विद्यार्थीका बिचमा असमानताको दुरी बढ्न सक्ने अवस्था पनि उत्तिकै सशक्त देखिन्छ । देवनागरी लिपिमा लेखिने नेपाली भाषामा युनीकोडको प्रयोग हुन थालेको लगभग एक दशक मात्र हुँदै छ । त्यसले गर्दा नेपालीका सबै लिपि/चिह्न प्रायः सफ्टवेर प्रणालीले ग्रहण र समर्थन गर्दैनन् । यसको परिणाम भने विकल्प भएका उत्तर वा जनबोली र अर्का मातृभाषी वा मातृभाषी भएर पनि भाषिकाको प्रभाव भएका विद्यार्थीको भाषिक मूल्याङ्कन उपयुक्त तरिकाले हुन नसक्ने सम्भावना रहेको अनुभव शिक्षकहरूको रहेको छ तसर्थ मूल्याङ्कनमा प्रविधिको प्रयोगलाई हटाउने वा घटाउने भन्दा पनि यस्ता समस्याहरूको समाधान खोज्दै मूल्याङ्कनलाई व्यवस्थित र व्यावहारिक बनाउनु अनिवार्य छ भन्ने धारणा शिक्षकहरूको रहेको देखिन्छ ।

यस द्विविधापूर्ण र चुनौतीपूर्ण अवस्थालाई रोइवर र एमसि नामरा (सन् २००६) ले तीन ओटा प्रमुख आयाममा केन्द्रित गरेर विश्लेषण गरेका छन्: "पहिलो- प्रविधिको पहुँचमा रहेको असमानताले विद्यार्थीहरू बिचको शैक्षिक भेदभावलाई बढावा दिन सक्छ । दोस्रो- व्यक्तिगत सूचना र गोपनीयताको सुरक्षाको मुद्दा उत्तिकै महत्त्वपूर्ण छ । तेस्रो- प्रविधिको प्रयोगले निश्चित भाषा वा संस्कृतिमा आधारित स्वचालित उपकरणहरूका कारण विविध भाषिक पृष्ठभूमिका विद्यार्थीलाई सांस्कृतिक र भाषिक पूर्वाग्रहको सिकार बनाउन सक्छ" (पृ. २४५) । यहाँ यसप्रकारले गर्न खोजिएको

मूल्याङ्कन तुलनात्मक रूपमा चुनौतीपूर्ण भएको कुरालाई सङ्केत गर्दछ।

अवसरका बाबजुद प्रविधि प्रयोगका चुनौतीहरू पनि उत्तिकै छन्। विशेष गरी सामुदायिक विद्यालयमा पूर्वाधारको अभाव सबैभन्दा ठुलो तगारो बनेको छ। शिक्षकहरूका अनुसार इन्टरनेटको अस्थिरता, बिजुलीको समस्या र विद्यार्थीसँग व्यक्तिगत उपकरण; जस्तै- मोबाइल वा ट्याब्लेट नहुनु मुख्य चुनौती हुन्। कहिलेकाहीँ प्रविधिमा आउने प्राविधिक समस्या तत्काल समाधान गर्न प्राविधिक सहयोग उपलब्ध नहुँदा शिक्षण र मूल्याङ्कनको पूरै कक्षा नै अवरुद्ध हुने गरेको पाइन्छ। यसका साथै प्रविधिको गुणस्तरीय सामग्री र निष्पक्षताको सवाल पनि उत्तिकै जटिल छ। विद्यमान स्वचालित मूल्याङ्कन प्रणालीले कतिपय अवस्थामा विद्यार्थीको उत्तरको वास्तविक भाव र सन्दर्भ बुझ्न सक्दैन। हाल उपलब्ध धेरैजसो विद्युतीय/डिजिटल औजारहरू अङ्ग्रेजी भाषाका लागि मात्र लक्षित भई महँगा हुनाले नेपाली भाषाको मौलिकता र व्याकरणिक जटिलता बुझ्ने रैथाने सफ्टवेयरहरूको विकास हुनु एकदमै जरुरी देखिन्छ।

विद्युतीय/डिजिटल पहुँचमा रहेको असमानता र सामाजिक न्यायको अभावले गर्दा शिक्षण क्षेत्रमा 'विद्युतीय/डिजिटल डिभाइड' को ठुलो समस्या उत्पन्न भएको छ। विद्यार्थीहरूको कमजोर आर्थिक अवस्था र घरमा प्रविधिको अनुपस्थितिले गर्दा अनलाइन मूल्याङ्कनमा सबैको बराबर सहभागिता हुन सकेको छैन। आर्थिक अवस्था कमजोर हुनु र प्रविधि प्रयोगको सिप नहुनु नै यसको मुख्य कारण हो। संस्थागत विद्यालयमा समेत केही विद्यार्थीहरूमा उपकरण वा इन्टरनेटको सहजता नहुँदा यसले मूल्याङ्कनको निष्पक्षतामा प्रत्यक्ष असर पारेको छ। प्रविधिमा पहुँच कम हुने विद्यार्थीहरू विद्युतीय/डिजिटल मूल्याङ्कनमा सहभागी हुन हिचकिचाउने र उनीहरूको आत्मविश्वास घट्ने समस्या देखिएकाले पहुँच नहुने समूहलाई समेट्न मिश्रित ढाँचा अपनाउनु आवश्यक छ। यसका साथै विद्युतीय/डिजिटल प्लेटफर्मको प्रयोगसँगै तथ्याङ्क गोपनीयता र सूचना सुरक्षाको चासो अर्को गम्भीर विषय बनेको छ। धेरैजसो एपहरूले सङ्कलन गर्ने तथ्याङ्कको दुरुपयोग हुन सक्ने र प्रयोग गरिने प्रविधिहरू बाहिरी देशमा आधारित हुनाले सुरक्षा नीति र देवनागरी लिपिअनुकूल हुने गरी परीक्षणमा विशेष ध्यान दिनुपर्ने आवश्यकता देखिन्छ।

प्रविधियुक्त मूल्याङ्कनलाई अझ प्रभावकारी बनाउन पूर्वाधार विकास, विद्युतीय/डिजिटल साक्षरता तालिम र स्थानीय सन्दर्भ सुहाउँदो सफ्टवेयर निर्माणमा जोड दिनुपर्छ। शिक्षकको क्षमता अभिवृद्धिलाई पहिलो सर्त मान्दै मूल्याङ्कनका उपकरणहरू मोबाइलमैत्री र बहुभाषिक हुनुपर्ने देखिन्छ। केवल अङ्क दिने मात्र नभई पृष्ठपोषण र प्रतिक्रिया दिने पारदर्शी प्रणालीको विकास हुनु आवश्यक छ। समग्रमा प्रविधिलाई प्रभावकारी बनाउन यन्त्र, दक्ष जनशक्ति र उपयुक्त सामग्री बिचको त्रिकोणात्मक सन्तुलन आवश्यक रहन्छ। भविष्यको भाषिक मूल्याङ्कन समावेशी, सिर्जनात्मक र विद्यार्थीलाई सहज पहुँच दिने खालको हुनुपर्छ। यसले भाषागत विविधतालाई सम्मान गर्दै गोपनीयता कायम राख्न सकोस् र विद्यार्थीको सिर्जनात्मक सोचाइलाई प्रोत्साहन गरोस्। समग्रमा, प्रविधिलाई केवल एउटा परीक्षाको साधन मात्र नमानी विद्यार्थीको चौतर्फी भाषिक विकास गर्ने एउटा 'विशेष सहयोगी' का रूपमा हेर्नु नै आजको आवश्यकता हो।

अध्ययनका क्रममा माध्यमिक तहका शिक्षकहरूबाट प्राप्त भएका अनुभव र विचारहरूलाई सूक्ष्म रूपमा विश्लेषण गर्दा भाषिक मूल्याङ्कनमा प्रविधिको सान्दर्भिकता बहुआयामिक देखिएको छ। शिक्षकहरूले व्यक्त गरेका धारणा र प्राप्त तथ्यहरूलाई मुख्य पाँच ओटा वैचारिक विषयक्षेत्रहरूमा वर्गीकरण गरी निष्कर्षतर्फ लैजान सकिन्छ, जसका बिच प्रविधिको प्रयोग दर र सन्दर्भको प्रयोग पक्षलाई गहिरिएर प्रस्तुत गरिएको छ।

प्रविधि प्रयोगको दरलाई नियाल्दा यसमा आकस्मिकता कि नियमितता भन्ने प्रश्न अहं बनेर आउँछ। अध्ययनले के देखाएको छ भने माध्यमिक तहका नेपाली शिक्षकहरूले प्रविधिलाई दैनिक शिक्षणको अभिन्न अङ्ग बनाउनुभन्दा पनि एउटा 'आकस्मिक प्रविधि' का रूपमा बढी प्रयोग गर्ने गरेका छन्। धेरैजसो शिक्षकहरूले यसको प्रयोगलाई हप्तामा वा महिनामा केही सीमित समयका लागि मात्र केन्द्रित गरेको पाइन्छ। उदाहरणका लागि, शिक्षक दुईले आफूहरूले कहिलेकाहीँ मात्र अनलाइन मूल्याङ्कन लिने गरेको अनुभव सुनाएका छन्, जसले प्रविधि अझै पनि शिक्षण र मूल्याङ्कनको नियमित हिस्सा बन्न बाँकी रहेको सङ्केत गर्छ। सैद्धान्तिक रूपमा बेनेट (सन् २००२) ले भनेझैँ प्रविधिलाई मूल्याङ्कनको अभिन्न अङ्ग बनाउन नेपाली कक्षाकोठामा अझै केही समय लाग्ने देखिन्छ। यद्यपि, शिक्षक चारले हप्तामा एक पटक अनलाइन परीक्षा लिने गरेको तथ्यले बिस्तारै प्रविधिको योजनाबद्ध प्रयोग बढ्दै गएको पनि देखाउँछ। नेपाली भाषा शिक्षकहरू प्रविधिको महत्त्वप्रति पूर्ण रूपमा विश्वस्त भए तापनि विद्यालयको व्यस्त समय तालिका र पाठ्यक्रमको चर्को चापले गर्दा यसलाई नियमित रूपमा कार्यान्वयन गर्न कठिनाइ भइरहेको छ।

शिक्षकहरूले प्रयोग गर्ने विद्युतीय/डिजिटल उपकरणहरूको विविधताले नेपाली भाषाको मूल्याङ्कनलाई परम्परागत एक आयामिक लिखित रूपबाट बहुआयामिक र मल्टिमोडलतर्फ ढल्काउँदै लगेको देखिन्छ। गुगल फर्म, म्यासेन्जर, क्विजी र टिम्स जस्ता विद्युतीय/डिजिटल माध्यमहरूको प्रयोगले गर्दा विद्यार्थीहरूको सुनाइ, बोलाइ, पढाइ र लेखाइ गरी चारै ओटा सिपलाई समेटेर मूल्याङ्कन गर्न सजिलो भएको छ। शिक्षक तीनले उल्लेख गरेको 'विद्युतीय/डिजिटल पोर्टफोलियो' को अवधारणाले विद्यार्थीहरूको क्रमिक भाषिक विकासलाई नजिकबाट नियाल्न र मूल्याङ्कन गर्न मद्दत पुऱ्याइरहेको छ। यसैगरी शिक्षक दुईले प्रविधिलाई 'भिजुअल सपोर्ट' का रूपमा प्रयोग गर्दा विद्यार्थीको बुझाइमा निकै सुधार आएको अनुभव साटेका छन्। यसले पियाजेको रचनावादी सिद्धान्तलाई पुष्टि गर्दछ। जब विद्यार्थीहरूले दृश्य र श्रव्य सामग्रीका आधारमा भाषाको अभ्यास गर्छन् तब उनीहरूले ज्ञानलाई सक्रिय रूपमा निर्माण गर्ने अवसर पाउँछन्। मल्टिमोडल सामग्रीको प्रयोगले विशेष गरी भाषाका कठिन व्याकरणिक पक्ष र अमूर्त साहित्यिक भावहरूलाई बुझ्न र मूल्याङ्कन गर्न निकै सहज बनाएको छ।

शिक्षकको व्यक्तिगत तत्परता यो अध्ययनको एउटा महत्त्वपूर्ण र सकारात्मक पक्ष देखिए पनि संस्थागत रूपमा तालिमको पहुँच नहुनु केही हदसम्म चिन्ताजनक छ। धेरैजसो नेपाली शिक्षकहरूले प्रविधि प्रयोगका लागि कुनै औपचारिक सरकारी वा संस्थागत तालिम पाएका छैनन्। शिक्षक एक र दुई दुवैले सहकर्मीहरूको सहयोग र 'स्वयं अभ्यास' बाट नै प्रविधिमा दक्षता हासिल गरेको कुरा उल्लेख गरेका छन्। शिक्षक दुईले सुरुमा आफूले टिम्स सफ्टवेयर हेरेर र साथीहरूका बिच छलफल गरेर मात्र प्रयोग गर्न थालेको कुरा  गरेका छन्। यसले नेपाली शिक्षकहरूको उच्च स्तरको व्यावसायिक निष्ठा र सिक्ने बलियो इच्छाशक्तिलाई झल्काउँछ तर संस्थागत रूपमा तालिमको अभावले गर्दा धेरै ठाउँमा प्रविधिको प्रयोग अझै पनि 'प्रयत्न र भूल' को विधिमा नै आधारित छ। यसले गर्दा प्रविधिको उच्चतम र वैज्ञानिक उपयोग हुन सकेको छैन। भिगोत्स्कीले सामाजिक सिकाइको सिद्धान्तमा व्याख्या गरेझैँ, सहकर्मीहरू बिचको सहकार्य र अन्तरक्रियाले शिक्षकहरूलाई एक किसिमको काम गर्ने हुटहुटी र हौसला प्रदान गरेको त छ तर यसको दीर्घकालीन र व्यवस्थित प्रयोगका लागि भने राज्य स्तरबाटै ठोस तालिमको व्यवस्था अनिवार्य देखिन्छ।

प्रविधि प्रयोगको सबैभन्दा ठुलो सबल पक्ष 'तत्काल पृष्ठपोषण' र 'समावेशिता' मा देखिएको छ। शिक्षक चारले

गुगल फर्म्सम‌ार्फत तुरुन्तै नतिजा र पृष्ठपोषण दिन सकेको अनुभव सुनाएका छन् जसले विद्यार्थीको सिकाइ प्रक्रियामा तत्काल सुधार ल्याउन मद्दत गर्दछ । यसैगरी शिक्षक तीनले उठाएको प्रसङ्ग अझै गहिरो छ । यसका अनुसार कक्षाकोठामा बोल्न धकाउने वा अप्ठ्यारो मान्ने केही विद्यार्थीहरूका लागि प्रविधिले सिर्जना गरेको वातावरणले सहजै भाग लिन र आफ्नो धारणा राख्न सजिलो बनाएको छ । यसले के प्रमाणित गर्छ भने प्रविधिले लजालु वा अन्तर्मुखी स्वभावका विद्यार्थीहरूका लागि एउटा 'सुरक्षित अभिव्यक्ति स्थल' प्रदान गरेको छ । परिणामस्वरूप, यसले मूल्याङ्कन प्रक्रियालाई अझ बढी प्रजातान्त्रिक, समतामूलक र समावेशी बनाउन सघाएको छ । यसका साथै शिक्षकहरूका लागि पनि यसले उत्तरपुस्तिका जाँच गर्ने र परिणाम विश्लेषण गर्ने अमूल्य समय बचाएर विद्यार्थीको व्यक्तिगत समस्याहरूमा ध्यान दिन सक्ने पर्याप्त अवसर प्रदान गरेको देखिन्छ ।

अवसरका बिचमा चुनौती र बाधाहरू पनि निकै डरलाग्दा रूपमा देखा परेका छन् । सार्वजनिक वा सामुदायिक विद्यालयहरूमा इन्टरनेट र विद्यार्थीसँग व्यक्तिगत मोबाइल फोनको अभाव हुनुका साथै विद्युत आपूर्तिमा हुने अनियमितताले प्रविधिअनुकूल मूल्याङ्कनको सपनालाई गिज्याइरहेको भान हुन्छ । शिक्षक दुईको भोगाइले सबै विद्यार्थीहरूसँग मोबाइल नहुँदा प्रविधि प्रयोग गर्न निकै सकस हुने यथार्थलाई उजागर गर्दै नेपालको वर्तमान शिक्षण क्षेत्रमा रहेको विद्युतीय/डिजिटल रिक्ततालाई सूक्ष्म रूपमा प्रकट गरेको छ । त्यस्तै, शिक्षक एकले उल्लेख गरेको बत्ती जाँदा प्रोजेक्टर नचल्ने समस्याले हाम्रो भौतिक पूर्वाधारको वास्तविक कमजोरीलाई प्रस्ट्याउँछ। यी चुनौतीहरूले गर्दा प्रविधिले कतै सुगम र दुर्गमका विद्यार्थीहरू बिचको शैक्षिक उपलब्धिमा झन ठुलो खाडल त बनाउँदै छैन भन्ने गम्भीर प्रश्न खडा गरिदिएको छ । रोइभर र एमसि नामरा (सन् २००६) ले चेतावनी दिए झैँ प्रविधिको पहुँचमा रहेको असमानताले शैक्षिक भेदभावलाई अझ बढाउन सक्ने जोखिम देखिन्छ ।

सूचना र सञ्चार प्रविधिको तीव्र विकासले वर्तमान विश्वको शैक्षिक परिदृश्यलाई पूर्णतः रूपान्तरण गरिदिएको छ । जसको प्रत्यक्ष र गहिरो प्रभाव नेपाली भाषा शिक्षण र मूल्याङ्कनको क्षेत्रमा पनि स्पष्ट रूपमा प्रतिविम्बित भएको पाइन्छ । प्रस्तुत अध्ययनमा सहभागी शिक्षकहरूको अनुभव र दृष्टिकोणलाई संश्लेषण गर्दा नेपाली भाषाको मूल्याङ्कन अब परम्परागत 'कागज-कलम' को साँगुरो घेराबाट निस्किएर विद्युतीय/डिजिटल र अन्तरक्रियात्मक दिशातर्फ उन्मुख भएको देखिन्छ। कोभिड-१९ को विश्वव्यापी महामारीले सिर्जना गरेको बाध्यात्मक परिस्थितिले शिक्षकहरूलाई प्रविधिमा प्रवेश गराए तापनि हाल यो प्रयोग रहर र आवश्यकता दुवैका रूपमा स्थापित भइरहेको छ । अध्ययनको निष्कर्षानुसार गुगल फर्म, क्विजी, टिम्स र विद्युतीय/डिजिटल पोर्टफोलियो जस्ता उपकरणहरूको प्रयोगले भाषिक मूल्याङ्कनलाई केवल अङ्क प्रदान गर्ने प्रक्रियामा मात्र सीमित नराखी विद्यार्थीको सिकाइ सुधार गर्ने माध्यमका रूपमा स्थापित गरेको छ । प्रविधिको प्रयोगले विशेष गरी सुनाइ र बोलाइ जस्ता ओझेलमा परेका सिपहरूको वस्तुगत मापनलाई सम्भव तुल्याएको छ । यसले विद्यार्थीहरूमा परीक्षाप्रतिको त्रास कम गरी उत्साह र सक्रिय सहभागिता बढाएको छ भने शिक्षकहरूलाई तत्काल पृष्ठपोषण दिन र नतिजा विश्लेषण गर्न लाग्ने समय र श्रमको उल्लेख्य बचत गरिदिएको छ ।

सबै कुरा सकारात्मक मात्र छैनन् ; गम्भीर चुनौतीहरू पनि उत्तिकै रूपमा विद्यमान छन् । विद्यालयको भौतिक पूर्वाधारमा रहेको असमानता, दिगो इन्टरनेट र विद्युत् आपूर्तिको अभावका साथै शिक्षकहरूमा प्रविधि प्रयोगसम्बन्धी औपचारिक तालिमको कमीले गर्दा प्रविधिको प्रयोग अझै पनि 'विशेष काम' का लागि मात्र भइरहेको देखिन्छ । संस्थागत

विद्यालय र सामुदायिक विद्यालय बिचको विद्युतीय/डिजिटल रिक्तताले शैक्षिक न्याय र समान अवसरको सिद्धान्तमाथि ठुलो प्रश्न खडा गरेको छ। निष्कर्षमा भन्नुपर्दा, भाषिक मूल्याङ्कनमा प्रविधिको सान्दर्भिकता निर्विकल्प छ तर यसको पूर्ण र सफल कार्यान्वयनका लागि केवल उपकरणको उपलब्धता मात्र पर्याप्त हुँदैन । यसका लागि शिक्षकको प्रविधिगत र पेसागत दक्षता, विद्यालयको स्पष्ट नीति र राज्यको लगानी बिचको आपसी तालमेल अनिवार्य देखिन्छ ।

## निष्कर्ष

अध्ययनका क्रममा माध्यमिक तहका शिक्षकहरूबाट प्राप्त भएका अनुभव र विचारहरूलाई सूक्ष्म रूपमा विश्लेषण गर्दा भाषिक मूल्याङ्कनमा प्रविधिको सान्दर्भिकता बहुआयामिक देखिएको छ । प्रविधि प्रयोगको दरलाई नियाल्दा यसमा आकस्मिकता कि नियमितता भन्ने प्रश्न उठ्ने देखिन्छ । अध्ययनले के देखाएको छ भने माध्यमिक तहका नेपाली शिक्षकहरूले प्रविधिलाई दैनिक शिक्षणको अभिन्न अङ्ग बनाउनुभन्दा पनि एउटा 'आकस्मिक प्रविधि' का रूपमा बढी प्रयोग गर्ने गरेका छन् । धेरैजसो शिक्षकहरूले यसको प्रयोगलाई हप्तामा वा महिनामा केही सीमित समयका लागि मात्र केन्द्रित गरेको पाइन्छ । नेपाली भाषा शिक्षकहरू प्रविधिको महत्त्वप्रति पूर्ण रूपमा विश्वस्त भए तापनि विद्यालयको व्यस्त समय तालिका र पाठ्यक्रमको चर्को चापले गर्दा यसलाई नियमित रूपमा कार्यान्वयन गर्न कठिनाइ भइरहेको छ ।

शिक्षकहरूले प्रयोग गर्ने डिजिटल उपकरणहरूको विविधताले नेपाली भाषाको मूल्याङ्कनलाई परम्परागत एक आयामिक लिखित रूपबाट बहुआयामिकतातर्फ ढल्काउँदै लगेको देखिन्छ । गुगल फर्म, म्यासेन्जर, क्विजी र टिम्स जस्ता डिजिटल माध्यमहरूको प्रयोगले गर्दा विद्यार्थीहरूको सुनाइ, बोलाइ, पढाइ र लेखाइ गरी चारै ओटा सिपलाई समेटेर मूल्याङ्कन गर्न सजिलो भएको छ । प्रविधि प्रयोगको सबैभन्दा ठुलो सबल पक्ष तत्काल पृष्ठपोषण र समावेशितामा देखिएको छ ।  यसले लजालु वा अन्तर्मुखी स्वभावका विद्यार्थीहरूका लागि  अभिव्यक्तिको एउटा सुरक्षित  स्थल प्रदान गरेको छ ।

सूचना र सञ्चार प्रविधिको तीव्र विकासले वर्तमान विश्वको शैक्षिक परिदृश्यलाई पूर्णतः रूपान्तरण गरिदिएको छ । यसको प्रत्यक्ष र गहिरो प्रभाव नेपाली भाषा शिक्षण र मूल्याङ्कनको क्षेत्रमा पनि स्पष्ट रूपमा प्रतिविम्बित भएको पाइन्छ । निष्कर्षमा भन्नुपर्दा, भाषिक मूल्याङ्कनमा प्रविधिको सान्दर्भिकता निर्विकल्प छ तर यसको पूर्ण र सफल कार्यान्वयनका लागि केवल उपकरणको उपलब्धता मात्र पर्याप्त हुँदैन । यसका लागि शिक्षकको प्रविधिगत र पेसागत दक्षता, विद्यालयको स्पष्ट नीति र राज्यको लगानी बिचको आपसी तालमेल अनिवार्य देखिन्छ ।

अन्त्यमा, प्रविधि आफैँमा साध्य होइन ।  यो केवल एउटा शक्तिशाली साधन मात्र हो । यसको सफल प्रयोग शिक्षकको सिर्जनशीलता र विद्यार्थीको सक्रियतामा पूर्ण रूपमा निर्भर गर्दछ । त्यसैले, प्रविधिलाई शिक्षण गतिविधिको एउटा अभिन्न अङ्गका रूपमा स्वीकार गर्दै यसलाई थप सुदृढ, व्यावहारिक र सुसंस्कृत बनाउनु नै आजको शैक्षिक आवश्यकता हो ।

## सन्दर्भ सामग्री

Bennett, R. E. (2002). Inexorable and inevitable: The continuing story of technology and assessment. *Journal of Technology, Learning, and Assessment, 1*(1), 1–23.

Braun, V., & Clarke, V. (2006). Using thematic analysis in psychology. *Qualitative*

*Research in Psychology*, *3*(2), 77–101. https://doi.org/10.1191/1478088706qp063oa

Chapelle, C. A., & Voss, E. (2016). Utilizing technology in language assessment. In S. May (Ed.), *Encyclopedia of language and education* (pp. 1–15). Springer. https://doi.org/10.1007/978-3-319-02320-5_9-1

Creswell, J. W., & Creswell, J. D. (2014). *Research design: Qualitative, quantitative, and mixed methods approaches* (4th ed.). Sage Publications.

Merriam, S. B. (2009). *Qualitative research: A guide to design and implementation*. Jossey-Bass.

Patton, M. Q. (2015). *Qualitative research & evaluation methods: Integrating theory and practice* (4th ed.). Sage Publications.

Piaget, J. (1950). *The psychology of intelligence*. Routledge.

Roever, C., & McNamara, T. (2006). Language testing: The social dimension. *International Journal of Applied Linguistics*, *16*(2), 242–258. https://doi.org/10.1111/j.1473-4192.2006.00117.x

Vygotsky, L. S. (1978). *Mind in society: The development of higher psychological processes*. Harvard University Press.

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७६*), राष्ट्रिय पाठ्यक्रम प्रारूप,* २०७६, पाठ्यक्रम विकास केन्द्र ।

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७७), *विद्यालय शिक्षाको आकस्मिक कार्ययोजना ।*